आज मिति २०८१ मंसिर १७ गते दिउसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ७० औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिलबमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

तपसिल :

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिंह बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री धन बहादुर कामी, का वा वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री राम बहादुर डांगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगी कर्मचारीहरु :

श्री सुरज बि सी, अधिकृत सातौं
श्री सुमित भट्ट, ईन्जिनियर
श्री सरीता हमाल, सूचना प्रविधि अधिकृत
श्री डिल कुमारी राना, कार्यालय सहयोगी

CS CamScanner

निर्णय प्रमाणित

| क्र.सं. | बैठकका एजेण्डाहरु |
| --- | --- |
| १. | भेरीगंगा नगरपालिकाको कृषि-वन रणनीति पारित गर्ने सम्बन्धमा । |
| २. | भेरीगंगा नगरपालिकाका बिभिन्न कार्यबिधिहरु पारित गर्ने सम्बन्धमा । |
| ३. | विविध सम्बन्धमा । |

**मितिः २०८१।०८।१७ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :**

**प्रस्ताव नं. १: भेरिगंगा नगरपालिकाको कृषि-वन रणनीति पारित गर्ने सम्बन्धमा।**

**निर्णय नं. १:** RECOFTC, Nepal र CRS, Nepal को आर्थिक तथा प्राविधिक सहयोगमा तयार पारिएको भेरिगंगा नगरपालिकाको आ.व. २०८१/०८२ देखि २०९०/०९१ सम्मको कृषि-वन रणनीति २०८१ को मस्यौदाउपर बिभिन्न चरणमा ब्यापक छलफल भयो । उक्त रणनीतिको मस्यौदाउपर सबै क्षेत्रबाट प्राप्त भएका सुझावहरुलाई समेत समावेश गरि तयार गरिएको उक्त रणनीति स्वीकृत गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो साथै उक्त रणनीति कार्यान्वयन गर्न बिभिन्न संघसंस्थाहरुलाई सहलगानी तथा सहकार्य गर्न अनुरोध गर्ने र यथाशिघ्र भेरिगंगा नगरपालिकाको आधिकारिक वेबसाइटमा अपलोड गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २: भेरिगंगा नगरपालिकाका बिभिन्न कार्यविधिहरु पारित गर्ने सम्बन्धमा।**

**निर्णय नं. २:** भेरिगंगा नगरपालिकाका तपसिलबमोजिमका कार्यविधिहरुको मस्यौदाउपर दफावार छलफल गरियो साथै उक्त कार्यविधिहरुलाई थप अध्ययन गरी आगामी कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो।

<u>तपसिल</u>

१. उपभोक्ता समिति दर्ता सम्बन्धि कार्यविधि, २०८१
२. भेरिगंगा नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने समुदायको जीवनस्तर सुधारका लागि घुम्तीकोष परिचालन कार्यविधि, २०८१

**प्रस्ताव नं. ३: विविध सम्बन्धमा।**

**प्रस्ताव नं. ३(क) स्थायी नियुक्ति सम्बन्धमा।**

**निर्णय नं. ३(क)** यस भेरीगंगा नगरपालिकाद्वारा सिभिल इन्जिनियर, अधिकृत सातौं तहको १ जना कर्मचारी स्थायी पदपूर्तिका लागि कर्णाली प्रदेश लोकसेवा आयोग सुर्खेतमा माग भएबमोजिम कर्णाली प्रदेश लोकसेवा आयोगद्वारा संचालित खुल्ला प्रतिष्पर्धामा सफल भई आयोगको च.नं. २३४ मिति

२०८१।०८।०७ गतेको सिफारिस पत्र अनुसार सिफारिस हुनुभएका भिमदत्त नगरपालिका वडा नं. १८ का सिद्धान्त पाण्डेयले यस कार्यालयमा मिति २०८१।०८।०७ गतेका दिन स्थायी नियुक्ती पाउँ भन्ने बारेमा पेश गरेको पत्रको सम्बन्धमा कर्णाली प्रदेश सरकारद्वारा स्थानीय सेवाको गठन, सन्चालन र सेवाका शर्त सम्बन्धमा बनेको ऐन, २०८१ को दफा १५ बमोजिम निजलाई मिति २०८१।०८।१७ गतेदेखि लागू हुने गरी स्थायी नियुक्ती गरी सिभिल इन्जिनियर, अधिकृत सातौं तहमा पदस्थापना गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**प्रस्ताव नं. ३(ख) उपचार सहयोग प्रदान गर्ने सम्बन्धमा।**

**निर्णय नं. ३(ख)** भेरिगंगा नगरपालिकाका बिभिन्न जनप्रतिनिधि एवम् कर्मचारीले स्वास्थ्य उपचार सहयोग माग गरेकोले तपसिलका ब्यक्तिहरुलाइ जनही रु. १,००,०००/-(अक्षेरेपी एक लाख) का दरले उपचार सहयोग प्रदान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

क. प्रेमबहादुर आग्री (वडा अध्यक्ष, वडा न. ९, भेरिगंगा नगरपालिका) मृगौलामा समस्या

ख. कृष्णबहादुर शाही (कार्यालय सहयोगी, भेरिगंगा नगरपालिका) दुर्घटनाबाट मष्तिष्कमा समस्या

**प्रस्ताव नं. ३(ग) नगरपालिकाको प्रशासकीय भवनको लागत स्टीमेट संशोधन गर्ने सम्बन्धमा।**

**निर्णय नं. ३(ग) :** भेरीगंगा नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य मिति २०७९/०८/२६ मा बोलपत्र आह्वान भई मिति २०८०/०१/१० मा रकम रु. ६,५२,८५,१६२.२३ मा ईन्द्रधनु अछाम निर्माण सेवा, टिकापुर-०१ कैलालीसंग सम्झौता, कार्यादेश भई निर्माणाधीन रहेकोमा साईटको स्थिति, भवनको डिजाईन परिवर्तन तथा भवनको कम्पाउण्ड र भवनसंग सम्बन्धित अन्य थप कामको लागि ठेक्का सम्झौतामा उल्लेखित आईटमको परिमाणमा थप/घट हुने देखिएको हुँदा सार्वजिनक खरिद ऐन २०६३ को दफा ५४ अनुसार तपसिलबमोजिमले हुने गरि भेरिएसन स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

<u>तपसिल:</u>

| सुरु लागत अनुमान (भ्याट सहित) | संशोधित लागत अनुमान (भ्याट सहित) | सुरु लागत अनुमान (घटी/बढी) | सुरु सम्झौता रकम (भ्याट सहित) | संशोधित सम्झौता रकम (भ्याट सहित) | सम्झौता रकममा (घटी/बढी) | कैफियत |
|---|---|---|---|---|---|---|
| रु. ८,४६,७९,१८०.४४ | रु. ८,५०,५१,६२४.२७ | ०.४४% | रु. ६,५२,८५,१६२.२३ | रु. ६,५३,१७,४४८.२८ | ०.०५% | |

निर्णय प्रमाणित
६

**प्रस्ताव नं. ३(घ) छिन्चु बसपार्कको लागत स्टीमेट संशोधन गर्ने सम्बन्धमा।**

**निर्णय नं. ३(घ)** यस भेरीगंगा नगरपालिका वडा नं ११ मा छिन्चु बसपार्क निर्माण कार्यको लागि मिति २०७८/१०/२६ मा बोलपत्र आह्वान भई मिति २०७९/०३/३० मा रकम रु. १०,९५,२०,१२९.१३ मा ग्रान्ड डिजाईन एण्ड कन्स्ट्रक्सन प्रा.लि, नेपालगन्ज २४ बाँकेसंग सम्झौता, कार्यदेश भई निर्माणाधीन रहेकोमा साईटको स्थिति अनुसार तथा अन्य थप कामको लागि ठेक्का सम्झौतामा उल्लेखित आईटमको परिमाणमा थप/घट हुने देखिएको हुँदा सार्वजिनक खरिद ऐन २०६३ को दफा ५४ अनुसार तपसिलबमोजिमले हुने गरि भेरिएसन स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपसिल:

| सुरु लागत अनुमान (भ्याट सहित) | संशोधित लागत अनुमान (भ्याट सहित) | सुरु लागत अनुमान (घटी/बढी) | सुरु सम्झौता रकम (भ्याट सहित) | संशोधित सम्झौता रकम (भ्याट सहित) | सम्झौता रकममा (घटी/बढी) | कैफियत |
|---|---|---|---|---|---|---|
| रु. १७,०३,३७,४२०.६५ | रु. १८,३०,८२,३२२.९ | ७.४८% | रु. १०,९५,२०,१२९.१३ | रु. ११,७६,४८,०७७.९ | ७.४२% | |

**प्रस्ताव नं. ३(ङ) नगर अस्पताल भवन निर्माणका लागि जग्गा खरिदको प्रक्रिया अगाडी बढाउने सम्बन्धमा।**

**निर्णय नं. ३(ङ)** यस भेरीगंगा नगरपालिकाको नगरसभाको निर्णय अनुसार यस नगरपालिका अन्तर्गत वडा नं. ९ को जहरेमा निर्माण हुने पन्ध्र शैयाको नगर अस्पतालको भवन निर्माण गर्नका लागि जग्गा व्यवस्थापन सम्बन्धमा गत बर्ष देखि नै प्रकृया अगाडी बढाइएकोमा, उक्त स्थानमा कसैलेपनि जग्गा दान नगरेको र सरकारी जग्गासमेत प्राप्त नभएकोले तत्काल जग्गा खरिद प्रकृया अगाडी बढाउनुपर्ने भएकोले उक्त नगर अस्पताल भवन निर्माण गर्नका लागि तपसिलबमोजिमका व्यक्तिहरुले तपसिलबमोजिमको कुल ९ रोपनी क्षेत्रफल रहेको जग्गा उपलब्ध गराउने मन्जुरी गरेकोले उक्त जग्गा खरिद गर्ने प्रकृया अगाडी बढाँउने निर्णय गरियो साथै सो जग्गा खरिद सम्बन्धि सम्पूर्ण प्रकृया अगाडी बढाउन भेरीगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई अक्तियारी दिने र स्वीकृतीका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**तपसिलः**

CamScanner

निर्णय प्रमाणित

# भेरीगंगा नगरपालिका

## छिन्चु, सुर्खेत

### भेरीगंगा नगरपालिकाको नगर अस्पताल भवन निर्माणका लागि खरिद गर्ने जग्गाको बिवरणः

| क्र.सं. | जग्गाधनीको नाम | साबिक गाविस | वडा नं. | हालको ठेगाना | कि.नं. | कुल क्षेत्रफल ब.मि./रोपनी | खरिद गर्ने क्षेत्रफल रोपनी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | राजु तिरुवा | मेहलकुना | ८ क | भेरीगंगा ९ | १२७४ | १११२.३७ वर्गमिटर | ०-९-०-० | |
| २ | कर्णबहादुर तिरुवा | मेहलकुना | ८ क | भेरीगंगा ९ | १२७३ | १११२.३७ वर्गमिटर | ०-९-०-० | |
| ३ | कृष्ण कामी | मेहलकुना | ८ क | भेरीगंगा ९ | १२७२ | १११२.३६ वर्गमिटर | ०-१२-०-० | |
| ४ | बिष्णु तिरुवा | मेहलकुना | ८ क | भेरीगंगा ९ | १२७१ | १११२.३६ वर्गमिटर | १-२-०-० | |
| ५ | खिमबहादुर कामी | मेहलकुना | ८ क | भेरीगंगा ९ | १३८७ | ७४५.७१ वर्गमिटर | ०-७-०-० | |
| ६ | चक्रबहादुर कामी | मेहलकुना | ८ क | भेरीगंगा ९ | १३८६ | ७४५.७१ वर्गमिटर | ०-७-०-० | |
| ७ | कुमारी कामी | मेहलकुना | ८ क | भेरीगंगा ९ | १३८८ | ७४५.७२ वर्गमिटर | ०-७-०-० | |
| ८ | कर्णबहादुर कामी | मेहलकुना | ८ क | भेरीगंगा ९ | १३८९ | ७४५.६७ वर्गमिटर | ०-७-०-० | |
| ९ | काली कामी तिरुवा | मेहलकुना | ८ क | भेरीगंगा ९ | ३०९ | १०-०-०-१ रोपनी | २-१२-०-० | |
| १० | कर्णबहादुर बोहरा | मेहलकुना | ८ क | भेरीगंगा ९ | १०२५ | २१५३.२३ वर्गमिटर | १-८-०-० | |

CamScanner

**प्रस्ताव नं. ३(च) बार्षिक खरिद योजना संशोधन सम्बन्धमा।**

**निर्णय नं. ३(च)** बिभिन्न वडाबाट प्राप्त सिफारिसबमोजिम तपसिल अनुसार बार्षिक खरिद योजना संशोधन गरि उपभोक्ता समितिमार्फत निर्माण कार्य गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

तपसिल

वडा नं. १ः क. तल्लो भरयाङ सादने सडक नयाँ ट्र्याक निर्माण रु ४५००००/-

ख. बाघखोर चुरेडाँडा सडक निर्माण रु २०००००/-

ग. सालघारी ढाप सडक निर्माण रु १००००००/-

घ. देउराली देखि मनिरामकाँडासम्म सडक निर्माण रु १५०००००/-

वडा नं. ११ः

क. खानेपानी टयांकी र मंगले मसानघाटसम्म सडक निर्माण (दर्मालीटोल, मंगले आर्यघाट) रु. २,००,०००/-

ख. नुवाकोटी टोलको सडक, सिंचाई टंकी मोटर पाईप खरिद (बोहोरा टोल, सरस्वती टोल) रु. ४,००,०००/-

ग. हिमाल टोल, कटेल टोल सिंचाई मिटर, स्वास्थ्य चौकीसम्म सडक स्तर उन्नति रु. ४,००,०००/-

घ. सृजनाको घर देखि भेरी नदिसम्म सडक र थोत्रेखोला देखि मसानघाटसम्म सडक स्तर उन्नति रु. २,५०,०००/-

ङ. छिन्चु जाजरकोट सडक देखि चिप्ले झुलुंगे पुल सडक स्तरउन्नति रु. १,००,०००/-

च। राताचौरमा थ्री फेज लाईन जडान रु. १,००,०००/-

वडा नं. १२ः क. शारदा मा वि छिन्चु अधुरो भवन निर्माण रु १५०००००/-

ख. छिन्चुजाजरकोट राजमार्गबाट नगरपालिका जोड्ने सडकको नयाँ ट्र्याक र स्ल्याब निर्माण रु १०००००/-

**प्रस्ताव नं. ३(च) सामुदायिक बिद्धुतिकरण मार्फत गरिएको बिधुत लाइन बिस्तार ठेक्का सम्बन्धमा।**

**निर्णय नं. ३(च)** यस भेरीगंगा नगरपालिकाको लेखपराजुल क्षेत्रमा (भेरीगंगा नगरपालिका वडा नं १,२,३) बिद्युत लाइन बिस्तार गर्न सामुदायिक विद्युतीकरणबाट सुनिता कबिता निर्माण कम्पनीले ठेक्का संझौता गरेकोमा हालसम्म पनि उक्त निर्माण कार्यको सुरुवात समेत नगरेकोले उक्त निर्माण कम्पनीको ठेक्का सम्झौता रद्द गरी पुनः ठेक्का प्रकृया अगाडी बढाउनका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

CamScanner